जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १४८ | २०७६ साल पुस २४ गते बिहीबार (9 Jan. 2020 Thursday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सडक मर्मतमा ढिलाइ ... २ पृष्ठमा : विमान दुर्घटनामा ८२ ... ४ पृष्ठमा : बालिकाको हत्या अभियोगमा ...

# खानेपानी आयोजना संचालन भएपछि स्थानियले वर्षौंदेखी देखेको सपना साकार

**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

सप्तरीको सुरुङ्गा र खडक नगरपालिकामा वर्षौंदेखी पुरा हुन नसकेको खानेपानी आयोजना अब संचालन भई समुदायमा हस्तान्तरण गर्ने तयारी थालिएको छ ।

सुरुङ्ग नगरपालिकाको वडा नं. २ र ४ तथा खडक नगरपालिकाको वडा ५ र ६ मा गरी ४ स्थानमा खानेपानी आयोजना संचालन भई समुदायमा हस्तान्तरण गर्ने तयारी थालिएपछि वर्षौंदेखी स्वच्छ खानेपानी पिउने स्थानियको सपना साकार हुन भएको छ ।

बर्षौंदेखि खोलाको अशुद्ध र आईरनको मात्रा अत्याधिक भएको ट्युवेलको पानी खान बाध्य भएका झण्डै २० हजार स्थानीयवासीको स्वच्छ खानेपानी पिउने सपना साकार हुनेभएको हो ।



खाने पानी आयोजना संचालन भएपछि त्यहाका १ हजार ७ घर धुरीका २० हजार ७ सय व्यक्ति लाभान्वित हुने श्रीपुर्राज सामुदायीक विकास केन्द्रका अध्यक्ष सुखीलाल चौधरीले जानकारी दिएका छन् ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (फन्डबोर्ड)को २ करोड ८४ लाख २२ हजार ४ सय ८४, समुदायीक नगद ६ लाख ६५ हजार १ सय ७० तथा सामुदायीक श्रमदान १ करोड ८५ लाख १० हजार बरावरको सहयोगमा भेडिया, रंजितपुर, डिहिवार र चक्वा खानेपानी तथा सरसफाई आयोजना मार्फत खानेपानी आयोजना सम्पन्न भएको उनले बताए ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति प्रमुख सहयोगी निकाय रहेको उक्त आयोजना कार्यन्वन र सहयोगी संस्थाको रुपमा रहेका श्रीपुराजं समुदायी विकास केन्द्रले २०७३ सालमा आयोजना निर्माण कार्य प्रारम्भ गरेको थियो ।

निर्माण कार्य अन्तिम चरणमा पुगेको जानकारी दिदै संस्थाका टिम लिडर विनोदानन्द चौधरीले एक महिना भित्रै सम्पन्न आयोजना समुदायमा हस्तान्तण गर्ने तयारी भईरहेको जानकारी समेत दिए ।

आयोजना निर्माणमा स्थानिय उपभोक्ताको साझेदारी समेत रहेकाले यसको दिगोपना हुन्छ भने विश्वास हामीलाई लागेको खडक नगरपालिकाका प्रमुख हेमायु हकको भनाई छ ।

स्वच्छ खानेपानीबाट बञ्चित स्थानियमा पानीको सहज पहुच पुर्याउन थालिएको आयोजना समयम सम्पन्न भई समुदायमा हस्तान्तरण हुन लागेको खबरले सबैलाई खुशी तुल्याएको सुरुङ्गा नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरीको भनाई छ ।

यता पहिलो पटक पाईप लाईनबाट गाउँमा स्वच्छ खानेपानी पुग्न लागेको खबरले स्थानियबासी उत्साहित देखिएका छन् ।

# सप्तरी काँग्रेसद्वारा पार्टीको विधान विपरीत कुनै क्रियाकलाप नगर्न अनुरोध

**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

नेपाली काँग्रेस सप्तरीको अनुशासन समितिले विधान र नियमावली विपरीत कुनै पनि क्रियाकलाप नगर्न आफ्ना नेता तथा कार्यकर्तासमक्ष अनुरोध गरेको छ ।

पार्टीका अनुशासन समिति संयोजक मुरलीधर खिडहरी यादवले बुधबार एक प्रेस विज्ञप्ति जारि गर्दै समितिको बुधबार सम्पन्न बैठकबाट निर्णय गर्दै सो अनुरोध गरेको हो ।

जारि विज्ञप्तिमा पार्टीको विधान र नियमावली अनुसार पार्टीका नेता, कार्यकर्ता, क्रियाशिल सदस्यलगायत सम्पूर्ण काँग्रेसजनमा अनुशासनको दायरा भित्र रही सांगठनिक कार्यहरु गर्न गराउन र पार्टीको अनुशासन पालना गर्न अनुरोध गरिएको छ ।

# दुई फरार अपराधी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीको एक बर्षे कार्ययोजना अन्तरगत फरार प्रतिवादी पक्राउ गर्ने अभियान सुरु गरेपछि अहिले फरार अपराधीहरु धमाधम पक्राउ पर्न थालेका छन् ।

सोही अभियान अन्तरगत सप्तरीको पत्थरगाढा प्रहरी टोलीले थप दुई जना फरार अपराधीलाई

*बाँकी अन्तिम पृष्ठमा*

## सूचना सूचना सूचना

यस आईडियल सहकारी संस्था लि. राजबिराजले आफ्ना शेयर सदस्य, खाताधारीहरुलाई दुर्घटना विमा निशुल्क गर्ने गइरहेकोले यथासिघ्र नजिक को सेवा केन्द्र वा मुख्य कार्यालय राजबिराजमा सर्म्पक गर्न अनुरोध गरिन्छ ।

**आईडियल सहकारी संस्था लि.**
**मूख्य कार्यालय राजबिराज-०४**
फोन नं.०३१-५२१३९९

**सेवा केन्द्र हनुमाननगर**
फोन नं.०३१-५८०२७५

**सेवा केन्द्र पातो बाजार**
मो.नं.९८०१५६१९३०

# राजपाका केन्द्रिय सदस्य मिटरब्याजमा ऋण लगानीको आरोपमा पक्राउ



**दैनिक समाचारदाता**
**सर्लाही, २३ पुस ।**

राष्ट्रिय जनता पार्टी (राजपा) का केन्द्रीय सदस्य रामबाबुराय यादवलाई मिटरब्याजमा ऋण लगानी गरेको आरोपमा प्रहरीले बुधबार पक्राउ गरेको छ ।

मिटरब्याजमा ऋण लगानी गरी ठगी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, सर्लाहीको टोलीले उनलाई पक्राउ गरेको हो ।

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसमक्ष यादवले मिटरब्याजमार्फत ठगी गरेको मंगलबार गुनासो पीडितहरूले गरेपछि उनलाई पक्राउ गरेको सर्लाहीका डिएसपी प्रजितसिंह राठौरले जानकारी दिएका छन् ।

सर्लाहीका पीडितहरूले बुधबार गृह मन्त्रालयमा आएर

*बाँकी अन्तिम पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# अपराध नियन्त्रणमा प्रहरीको अभियान सकारात्मक

सप्तरी प्रहरीले शान्ति सुरक्षा, लागु पदार्थ दुर्व्यसनी, विभिन्न अपराधी, महिला हिंसा लगायतका कार्यलाई न्यूनिकरण गर्नका लागि चलाएको अभियानले सफलता हात पार्दै गइरहेको छ । यस अभियान अन्तरगत प्रहरीले विभिन्न मुद्दामा फरार रहेका अपराधीहरुलाई पक्राउ गर्न समेत अभियान नै चलाएको छ । अभियान अन्तरगत प्रहरीले एक महिनाको अवधीमा झण्डै चार दर्जन फरार अपराधीलाई पक्राउ गर्न सफल भएको छ ।

एक महिनाको अवधीमा प्रहरीले जबर्जस्ती करणीका र कुटपिटका सर्वाधिक ६-६ ज्यान मार्ने उद्योगका ५, चोरीका ४, अपहरण र लुटपाटका ३-३, सवारी ज्यान र लुटपाटका ४-४ ठगी तथा लेनदेनका २ गरी ४० फरार अपराधीलाई पक्राउ गर्न सफल भएको छ । यता प्रहरीले त्यस्ता घटनाका फरार रहेका १७ जनालाई एकै दिन पक्राउ गरेको छ ।

अदालतबाट सजाय पाएर निकै समयदेखी फरार रहेका त्यस्ता अपराधीलाई पक्राउ गरि समाजमा शान्ति सुरक्षाको प्रत्याभुती दिलाउनेतर्फ प्रहरी लागिपरेको छ । जसले गर्दा पीडित समेतले न्याय पाउँदैछन् । प्रहरीले थालेको अभियानलाई सहयोग गर्नु पर्ने आवश्यकता रहेको छ । सामाजमा बढ्दै गएको अपराधिक घटनाहरुलाई न्यूनिकरण गर्न समेत सबैले आ-आफ्नो स्थानमा सक्दो सहयोग गरेमा बढ्दै गएको अपराधलाई थोरै भएपनि न्युनिकरण गर्न मद्दत पुग्ने छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट

आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सडक मर्मतमा ढिलाइ हुँदा १६ गुणा बढी खर्च

काठमाडौँ, २३ पुस (रासस) ।

कुनै पनि सडकमा समयमै मर्मत गर्दा पाँच डलर लाग्ने र त्यही सडकमा खाल्डा परिसकेपछि ८० डलरपर्ने अन्तर्राष्ट्रिय मान्यता छ । नेपाल सरकारले पनि खाल्डा पर्नुभन्दा पहिले नै खाल्डा पर्नसक्ने सम्भावित स्थानमा मर्मत गर्ने नीति लिएको छ । तर त्यसको कार्यान्वयन नहुँदा ठूलो धनराशि सडक मर्मतमा खर्च भइरहेको छ भने जनताले पनि सास्ती भोगिरहेका छन् ।

सरकारले सडक निर्माणमा मात्रै ध्यान दिँदा मर्मत ओझेलमा परेको छ । एकातिर सडक मर्मतका लागि माग भएबमोजिम बजेट विनियोजन भएको छैन भने अर्कातिर विनियोजित बजेट पूर्णरूपमा खर्च हुन सकेको छैन । गत वर्षभन्दा चालू आवमा सडक मर्मतमा बजेट बढेको छ । नयाँ संरचनानुसार सङ्घीय सरकार अन्तर्गतका निकायले स्थानीय सरकारलाई सोझै रकम दिन मिल्ने नमिल्ने भन्ने पनि अन्योल छ । डिभिजन सडक कार्यालय कुनै नेपाल सरकारकै मातहत त कतिपय प्रदेश सरकार मातहत जाँदा पनि सडक मर्मतमा अन्योल छ ।

राम्रो अवस्थामा रहेको सडकमा थोरै परिमाणमा मात्रै ढुङ्गा, गिटी झर्दा त्यहीँबाटै सडक खाल्डापर्ने गरेको छ । एउटा सवारीसाधनले खसालेको ढुङ्गा, गिटी अर्को सवारीसाधनको टायरले थिच्दा प्वालपर्ने र अर्को अर्कोले थिच्दै जाँदा ठूलै खाल्डा पर्ने गरेको छ । सामान्यतया नेपालमा सडक कालोपत्रको आयु छ/सात वर्ष हुने प्राविधिक बताउँछन् । त्योभन्दा धेरै वर्षसम्म पनि मर्मत नहुँदा सडकमा खाल्डा बढिरहेको छ ।

समयसमयमा मर्मत नहुँदा सडक पूर्णरूपमा बिग्रिएर पुनःनिर्माण नै गर्ने अवस्थामा पुग्ने सडक बोर्ड नेपालका पूर्वअध्यक्ष पूर्ण कडरियाले बताउनुभयो । सडकमा खाल्डा परेपछि पुर्ने नभएर खाल्डा पर्दैछ भनेर पहिले नै सम्भार गर्नुपर्ने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "खाल्डा पर्नुअघि थोरै खर्चमा मर्मत हुने भए पनि त्यही सडक केही समयपछि ठूला खाल्डाका कारण मर्मतमा धेरै खर्च लाग्छ ।"

सडकमा रहेका खाल्डाखुल्डीले सवारीसाधन सञ्चालन खर्च बढाइरहेको उहाँको भनाइ छ । सडकमा खाल्डाका कारण छोटो दूरी पार गर्नसमेत लामो समय लाग्दा सवारीसाधन सञ्चालन खर्च बढेको हो । सवारीसाधन प्रतिघण्टा ६० किलोमिटर गुड्ने गरी सडक तयार हुँदा यो खर्च कम गर्न सकिन्छ । सडक बोर्डले सडक मर्मतका लागि अन्तर्राष्ट्रिय मान्यतानुसार पाउनुपर्ने रकम अर्थ मन्त्रालयले दिनुपर्नेमा उहाँको जोड छ । उहाँले भन्नुभयो, "सवारीसाधनको पार्टपूर्जा ल्याउँदा आउने राजश्वबाट पनि सडक मर्मतका लागि सरकारले रकम छुट्याउनुपर्छ ।"

सडकमा निर्माण सामग्री खस्दा त्यसले सडकमा पिकले खन्दा भन्दा सजिलै खाल्डा बनाउने शहरी विकास मन्त्रालयका सचिव मधुसुदन अधिकारीले बताउनुभयो । स्विटरमा एक ठाउँबाट धागो निस्कँदा त्यहीँबाटै सिङ्गो स्विटर उध्रिए जसरी नै सडकमा कुनै एक ठाउँमा खाल्डा पर्दा त्यसले समयमै मर्मत नहुँदा पूरै सडक बिगार्छ । कुन सडकमा सवारीसाधनको चाप कति हुन्छ भन्ने आँकलन नगर्दा कतिपय सडकमा चाप अत्याधिक छ । उहाँले भन्नुभयो, "कम चौडाइ भए पुग्ने ठाउँमा सडक बढी चौडाइको छ तर जहाँ सवारी चाप बढी छ त्यहीं सडक साँघुरो छ ।"

मर्मतको काम सडक विभाग र निर्माण व्यवसायी कसैको पनि प्राथमिकतामा नपरेको पूर्वसचिव तुलसी सिटौलाले बताउनुभयो । काम छरिएर टुक्राटुक्रा हुँदा निर्माण व्यवसायीले ठेक्का आह्वान गर्दा आवेदन नदिने गरेको उहाँको भनाइ छ । सडक मर्मत समयमा नभएर ढिलाइ हुँदा कयौँ गुणा बढी रकम खर्च हुने भएकाले समयमै मर्मत गर्नुपर्नेमा उहाँको जोड छ । सडकको आयु बढाउने प्रविधि भित्र्याउन पनि उहाँले सुझाव दिनभयो । सडकसँगै सडक पुल र सुरुङमार्गको मर्मतको समेत योजना बनाउनुपर्ने उहाँ बताउनुहुन्छ ।

सडक विभागका उपमहानिर्देशक अर्जुनजङ्ग थापाले सडक मर्मतका लागि छुट्याइने रकम चालू आवमा बढ्नु सकारात्मक कुरा भएको बताउनुभयो । गत वर्षभन्दा यो वर्षको बजेट बढ्नु सडक मर्मतका हिसाबले आशालाग्दो कुरा भएको उहाँको भनाइ छ । बर्सेनि सडकको मर्मत हुँदै जाँदा मर्मत गर्नुपर्ने सडकको लम्बाइ धेरै नभए पनि त्यो नहुँदा मर्मत गर्नुपर्ने सडकको लम्बाइ बढ्दै जाने उहाँले बताउनुभयो । समयमै सडक मर्मत गर्दा कम समय र खर्च लाग्ने भए पनि त्यसमा ढिलाइ हुँदा दुवै बढ्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "केही वर्ष पहिलेसम्म सडक मर्मतका लागि रकम नभए पनि अहिले अवस्था सुधिएको छ ।" सडक बोर्ड नेपालले भने डिभिजन सडक कार्यालय सडक मर्मतभन्दा नयाँ सडक निर्माणमा लाग्ने गरेको जनाएको छ । नयाँ सडक निर्माणको जिम्मेवारी आयोजनालाई दिएर सरकारले डिभिजनलाई मर्मतको मात्रै जिम्मा दिनुपर्ने बताउँदै आएको छ ।

## विश्व समाचार

# विमान दुर्घटनामा ८२ इरानी र ६३ क्यानेडालीको मृत्यु

किभ, २३ पुस (रासस/एएफपी) ।

इरानमा बुधबार भएको विमान दुर्घटनामा परी मृत्यु भएका मध्ये ८२ जना इरानका र ६३ जना क्यानडाका नागरिक रहेका पाइएको छ ।

इरानको राजधानी तेहरानबाट बुधबार बिहान उडेको युक्रेनको विमानमा परी उनीहरुको मृत्यु भएको युक्रेनका एक मन्त्रीले जनाएका छन् ।

विमानमा अरु ११ जना युक्रेनका नागरिक, १० जना स्विडेनका नागरिक, चार जना अफगानिस्तानका नागरिक, तीन जना जर्मनका नागरिक र तीन जना बेलायतका नागरिक रहेका युक्रेनका विदेशमन्त्री भाडचाम प्रयस्तैकोले ट्विटरमा लेख्नु भएको छ ।

यसैबीच युक्रेनका राष्ट्रपति भोलोडीमीर जेलेन्स्कीले दुर्घटनामा परी निधन भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ । उहाँले मृतकका आफन्तप्रति सहानुभूति व्यक्त गर्दै समवेदना पनि व्यक्त गर्नुभएको छ ।

युक्रेनको बोइङ-७३७ विमान बुधबार तेहरानको इमाम खामेनी विमानस्थलबाट उडेको केही बेरमा दुर्घटना भएको थियो ।

विमानमा कम्तीमा १६७ जना यात्रु र अरु नौ जना चालक दलका सदस्य गरी कुल १७६ जना रहेका र उनीहरु सबैको मृत्यु भएको पुष्टि भइसकेको अधिकारीले जनाएका छन् ।

विमानस्थलका प्रवक्ता अलि कसानीले विमानमा रहेका सबैको मृत्यु भएको पुष्टि गर्नुभएको हो । उहाँले प्राविधिक गडबडीका कारण विमान दुर्घटना भएको प्रारम्भिक जानकारी प्राप्त भएको पनि बताउनुभयो ।

# अमेरिकी सैन्य आधार शिविरमा इरानद्वारा क्षेप्यास्त्र आक्रमण

बग्दाद, २३ पुस (रासस/एएफपी/सिन्ह्वा) ।

इराकमा रहेको अमेरिकी सैन्य आधार शिविरमा इरानले बुधबार क्षेप्यास्त्र आक्रमण गरेको छ । अमेरिकी र इरानी दुवैतर्फका अधिकारीले आक्रमणको घटना भएको पुष्टि गर्दै थप विवरण भने आउन बाँकी रहेको जनाएका छन् ।

अमेरिकी रक्षा मन्त्रालयले इराकमा रहेको आफ्नो सैन्य आधार शिविर तथा गठबन्धन सुरक्षा फौजमाथी इरानी पक्षले एक दर्जनभन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको दाबी गरेको छ ।

"इरानी पक्षले इराकस्थीत कम्तीमा पनि दुई ओटा अमेरिकी सैन्य आधार शिविर र गठबन्धनका कर्मचारी रहेको ठाउँलाई लक्षित गरी आक्रमण गरेको प्रष्ट छ," पेन्टागनले भनेको छ ।

पेन्टागनका अनुसार पश्चिमी बग्दादस्थित एरबिल र अल असदमा रहेका अमेरिकी सैन्य आधार शिविरमा क्षेप्यास्त्र प्रहार गरिएको हो । घटनामा परी मानवीय क्षति भएको वा नभएको बारेमा अहिलेसम्म कुनै जानकारी नआएको अधिकारीले जनाएका छन् । अमेरिकी रक्षा मन्त्रालयले घटनास्थलमा उच्च सतर्कता अपनाइएको जनाएको छ । अमेरिका र इरानले एक अर्काका विरुद्धमा कडा चेतावनी दिइरहेका बेला यो आक्रमणको घटना भएको हो ।

गत शुक्रवार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा बग्दादमा भएको इरानी सैन्य कमाण्डर कासिम सुलेमानीको हत्याको बदला लिन ती क्षेप्यास्त्र प्रहार गरिएको इरानको सरकारी टेलिभिजनले जनाएको छ । इराकको राजधानी बग्दादस्थित विमानस्थल नजिकै इरानी सैन्य कमाण्डर सुलेमानी मारिएपछि इरान र अमेरिकाबीच तनाव उत्कर्षमा पुगेको छ । इरानले उक्त हत्याको बदला लिने बताउँदै आएको छ भने अमेरिकाले पनि इरानले ठूलो मुल्य चुकाउनु पर्ने चेतावनी दिएको छ ।

अमेरिकी रक्षा अधिकारीले आक्रमण भएको क्षेत्रमा रहेका अमेरिकी सैनिक र गठबन्धनका नागरिकको रक्षाका लागि आवश्यक कदम चालिने बताएका छन् । तनाव लागि राष्ट्रपति ट्रम्पले सुरक्षा विज्ञसँग परामर्श गरिरहनु भएको जनाइएको छ । इराकमा अमेरिकाका पाँच हजार सैनिक रहेको अधिकारीले बताउने गरेका छन् । सुलेमानीको अन्तिम संस्कार सकिएको केही घण्टापछि इरानले आक्रमण गरेको हो ।

# इरानको आणविक भट्टीनजिकै भूकम्प

तेहरान, २३ पुस (रासस/एएफपी) ।

इरानमा रहेको आणविक भट्टी नजिकै बुधबार ४.५ म्याग्नीच्युडको भूकम्प गएको छ । देशको खाडीमुलुकतर्फको बन्दरगाह नजिकै रहेको इरानको बशेर आणविक भट्टीदेखि ५० किलोमिटर दुरीमा पर्ने ठाउँमा भूकम्प गएको अमेरिकी भूगर्भ अधिकारीले जनाएका छन् । स्थानीय समयानुसार बिहान ०६ बजेर ४९ मिनेट जाँदा भूकम्प गएको थियो । भूकम्प १० किलोमिटर गहिरो ठाउँबाट गएको थियो ।

राज्यद्वारा सञ्चालित समाचार संस्था इर्नाले जनाएअनुसार भूकम्पका कारण भएको कुनै क्षतिको विवरण भने अहिलेसम्म प्राप्त भएको छैन । बशेर संकट व्यवस्थापन केन्द्रका प्रमुख जहङगीर डेहघानीले ५.१ म्याग्नीच्युडको भूकम्प गएको ठिक दुई हप्तापछि उही ठाउँमा फेरी अर्को भूकम्प गएको जानकारी दिनुभयो ।

# तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गोइठी, सप्तरी
### प्रदेश नं.२, नेपाल

*मिति : २०७६/९/२४*

आ.ब. २०७६/७७ मा यस तिरहुत गाउँपालिकाको गाउँ सभाबाट पारित गाउँपालिका तथा वडा स्तरिय विकास योजनाका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने भएकोले तपशिलमा उल्लेखित कार्यक्रम अनुसार सो योजना कार्यान्वयन हुने क्षेत्रको लाभग्राही बुद्धिजिवि, उपलब्ध प्रस्थित व्यक्तिगतहरुलाई सो स्थान र समयमा उपस्थित भई उपभोक्ता समिति तथा अनुगमन समिति गठनमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

*तपसिल*

**तिरहुत गाउँपालिका वडा नं. ०१ (८०२१५५०३२०१): वडा स्तरी योजना**

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | हरेराम घरदेखि नहरसम्म सडकमा माटोग्राभेल र मर्मत संभार गर्ने कार्य | ९०००००।०० | २०७६/१०/२ | हरेरामको दरवाजामा | १०:३० बजे |
| २ | डिहिवार बाबाको प्रांगणमा अधुरो मण्डपको काम पुरा गर्ने | ९०००००।०० | २०७६/१०/२ | डिहिवार बाबा स्थान | ११:३० बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०१ (८०२१५५०३१०१): गा.पा.स्तरीय योजना**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०१ मा मूल सडक देखि शोभाकान्त नरसरियाको घरसम्म सडकमा माटो तथा ग्राभेल गर्ने कार्य | १००००००।०० | २०७६/१०/२ | सूर्य नारायण नरसरियाको घरमा | ०३:३० बजे |
| २ | वडा नं. ०१ मा मुल सडक देखि शोशिन्दर घर हुँदै हजरा घरसम्म सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | १००००००।०० | २०७६/१०/२ | सोशेन्द्र छीटानको दरवाजामा | २:३० बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०२ (८०२१५५०३२०२): वडा स्तरीय योजना**

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | पोखरीको डिलमा ग्रामदेवता मन्दिर निर्माण कार्य | ६०००००।०० | २०७६/१०/३ | दुर्गा मन्दिर निर पोखरीको डिलमा | ११:३० बजे |
| २ | अधुरो सामुदायिक भवनलाई पुरा गर्ने कार्य | १००००००।०० | २०७६/१०/३ | दुर्गा मन्दिर निर पोखरीको डिलमा | १:३० बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०२ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०२ मा सिमरा जाने बाटोको अधुरो स्ल्याप कल्भर्टलाई पुरा गर्ने कार्य | ११०००००।०० | २०७६/१०/३ | पिपल गाछीको छेऊमा वडहरामा | २:१५ बजे |
| २ | वडा नं. ०२ मा बडहरा मूल सडक मर्मत संभार गर्ने कार्य | १५०००००।०० | २०७६/१०/३ | मुल नहर नजिक | ३:३० बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०३ (८०२१५५०३२०३): वडा स्तरीय योजना**

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | साविक वडा नं.०८ मा रहेको निर्माणाधिन ईदगहलाई निर्माण गर्ने कार्य | ४०००००।०० | २०७६/१०/४ | साविक वडा नं. ८ इदगहमा | १०:१५ बजे |
| २ | साविक वडा नं. ०१ मायानन्द घरदेखि पूर्व सडकमा माटो तथा ग्राभेल गर्ने कार्य | ४०००००।०० | २०७६/१०/४ | मायानन्दको घर अगाडि | १२:३० बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०३ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०३ मा बतराही अधुरो मन्दिर निर्माण गर्ने कार्य | ५०००००।०० | २०७६/१०/४ | हरी सरदारको घर अगाडि | १:०० बजे |
| २ | वडा नं. ०३ मा साविक वडा नं. ०६ अधुरो दिनाभद्री मन्दिर निर्माण गर्ने कार्य | ११०००००।०० | २०७६/१०/४ | दिनाभदरी थानको नजिक | ३:०० बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०४ (८०२१५५०३२०४): वडा स्तरीय योजना**

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | अधुरो प्रहरी चौकीको प्लास्टर झ्याल रंगरोगन तथा अन्य काम गर्ने कार्य | १००००००।०० | २०७६/१०/५ | प्रहरी चौकीको कम्पाउण्डमा | १०:३० बजे |
| २ | साविक वडा नं. ०५ को अधुरो मदर्सा निर्माण कार्य | ५०००००।०० | २०७६/१०/५ | मदर्शा | १२:१५ बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०४ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०४ मा बजरंगबली मन्दिर देखि पश्चिम तर्फ जाने कृषि सडकमा अधुरो काममा माटो ग्राभेल गर्ने कार्य | १००००००।०० | २०७६/१०/५ | बजरंगबली मन्दिरमा | १:४५ बजे |
| २ | वडा नं ०४ मा कमला थान देखि अवधेश यादवको घरसम्म सडकमा माटो तथा ग्राभेल गर्ने कार्य | ८०००००।०० | २०७६/१०/५ | कमला थानमा | २:४५ बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०५ (८०२१५५०३२०५): वडा स्तरीय योजना**

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | बद्री अरगरीयाको घरदेखि सलदेवको घरसम्म माटो तथा ग्राभेल गर्ने कार्य | १५०००००।०० | २०७६/१०/६ | वडा कार्यालयमा | १०:३० बजे |
| २ | अधुरो डगरीन थान निर्माण कार्य | १५०००००।०० | २०७६/१०/६ | वडा कार्यालयमा | १२:०० बजे |

**तिरहुत गाउँपालिका वडा नं. ०५ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०५ मा ईनार देखि पर्यटक स्थल सम्मको सडकमा माटो तथा ग्राभेल गर्ने कार्य | ८०००००।०० | २०७६/१०/६ | चौधरी टोलको प्रतिक्षालय निर | २:०० बजे |
| २ | वडा नं. ०५ मा मेन सडकमा माटो ग्राभेल गर्ने कार्य | ४००००००।०० | २०७६/१०/६ | चौधरी टोलको इनार निर | ३:१५ बजे |

# प्रदेश २ सरकारद्वारा पञ्चवर्षिय योजनाको आधारपत्र सार्वजनिक

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २३ पुस ।**

प्रदेश २ सरकारले आफ्नो पहिलो पञ्चवर्षिय योजनाको आधारपत्र बुधबार सार्वजनिक गरेको छ । ११ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्यसहित मुख्यमन्त्री लालबाबु राउतले सार्वजनिक गरेका आवधिक योजना २०७६ लाई नै टेकेर प्रदेश सरकार आर्थिक अभियानमा अगाडि बढ्ने बताएका छन् ।

प्रदेश सरकारले योजनाको आधारपत्र मार्फत आर्थिक वर्ष २०८०/०८१ सम्म प्रदेशको आर्थिक वृद्धि दर ६ दशमलव ५३ बाट ११ प्रतिशतसम्म पुर्याउने लक्ष्य राखेको छ भने २७ दशमलव ७ प्रतिशत रहेको गरिबीको दर घटाएर २१ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।

आउँदो पाँच वर्षमा प्रदेशको प्रतिव्यक्ती आय एक हजार अमेरिकी डलर पुरयाउने लक्ष्य राखिएको छ । हाल प्रदेश २ को प्रतिव्यक्ति आय ७ सय ९९ डलर रहेको केन्द्रिय तथ्याङक विभागको सार्वजनिक गरेको तथ्याङकमा उल्लेख छ ।

त्यसैगरि, हालको ९३ दशमलव ८ प्रतिशत खानेपानी सुविधालाई ९९ प्रतिशत, ६५ प्रतिशत सिंचाई सुविधालाई ७५ प्रतिशत पुर्याउने तथा ९ प्रतिशत बाल मृत्युदरलाई ७ प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ ।

आधारपत्र सार्वजनिक कार्यक्रममा प्रदेशका नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा, प्रमुखसचिव रामकृष्ण सुवेदी, मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा, आर्थिक मामिला मन्त्रालयका सचिव लगायतको सहभागिता थियो ।



स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!

के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

# बालिकाको हत्या अभियोगमा आमासहित चार पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, २३ पुस ।**

पर्साको पोखरिया नगरपालिका ९ शिवबर्वा बस्ने १५ वर्षीया एक बालिकाको हत्या गरेको अभियोगमा प्रहरीले बालिकाकी आमासहित चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा पोखरिया नगरपालिका ९ शिवबर्वा बालिकाकी आमा ३० वर्षीया शिवकली देवी, सोही स्थान बस्ने ३९ वर्षीय राजेन्द्र महतो तत्वा, २८ वर्षीय संतोष महतो तत्वा र सुबोध भन्ने १९ वर्षीय जितेन्द्र यादव रहेका छन् ।

सो ठाउँ बस्ने बीरेन्द्र महतो तत्वाकी १५ वर्षीया छोरी पुनिता कुमारीको हत्या गरी घरबाट करिब २ किलोमिटर उत्तर खोला नजिकै गाडेको भन्ने सूचना प्राप्त हुना साथ जिल्ला प्रहरी कार्यालय पर्सा र ईलाका प्रहरी कार्यालय पोखरियाबाट संयुक्तरुपमा खटिएको प्रहरीले घटनास्थलमा शव जलाएको अवस्थामा शरीरको आंशिक भागहरू फेला पारेको थियो ।

यता बालिकाको बाबु बीरेन्द्र महतो तत्वा हाल फरार रहेकोले प्रहरीले खोजी गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने ब्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता
बलान विहुल गाउँपालिका, सप्तरी

# श्रोत नखुलेको चार लाखबढी रकमसहित भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, २३ पुस ।**

पर्साको बीरगंज महानगरपालिका १६ स्थित रजतजयन्ती चोकबाट श्रोत नखुलेको ४ लाख ४५ हजार नेपाली रुपैयाँसहित एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत बिहार मोतिहारी पूर्वी चम्पारण रक्सौल बस्ने ४९ वर्षीय राजु कुमार श्रीवास्तव रहेका छन् ।

उक्त स्थानमा हुण्डी कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरीले रक्सौलबाट वीरगंजतर्फ आउँदै गरेको बिआर ०१ सिके ९७९६ नम्बरको स्कुटर जाँच गर्ने क्रममा स्कुटरमा सवार श्रीवास्तवलाई उक्त नगदसहित नियन्त्रणमा लिएको हो ।

यता नियन्त्रणमा लिएका श्रीवास्तवलाई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# 'भिजिट मधेश नेपाल-२०२०' सञ्चालन हुने

काठमाडौं, २३ पुस (रासस) ।

नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउने उद्देश्यले 'भिजिट मधेश नेपाल-२०२०' घोषणा गरिएको छ । नेपाल आएका विदेशी पर्यटकलाई मधेश भ्रमण गराउने ध्येयले सो घोषणा गरिएको हो ।

भिजिट मधेश नेपालद्वारा मङ्गलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा 'भिजिट मधेश डटकम' र भिजिट मधेश नामक मोबाइल एप्प शुरुआत गरिएको छ । तराई मधेसको फरक हावापानी, पर्यावरण, ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं प्राकृतिक सम्पदा र धरोहरहरूले पर्यटकलाई झन् आकर्षित गर्न मद्दत गर्ने विश्वास गरिएको छ ।

तराई मधेसका २२ वटै जिल्लालाई जोड्ने गरी नागरिकस्तरबाट 'भिजिट मधेस नेपाल' अभियान दुई वर्षदेखि जारी रहेको जनाइएको छ । पत्रकार सम्मेलनमा वितरित विज्ञप्तिमा भनिएको छ, "तराई-मधेशका पर्यटकीय गन्तव्य, संस्कृति, खानपान, रहनसहन, वेषभूषा एवं विशेषतालाई विभिन्न किसिमको कार्यक्रम सञ्चालन गरी राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन एवं चिनाउँदै अगाडि बढिरहेको छ ।"

## *राजपाका केन्द्रिय ...*

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, गृह सचिवसँग गुनासो गरेलगत्तै खनालले जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई यादवलाई पक्राउ गर्न निर्देशन दिएका थिए ।

यादवको मिटरब्याज ऋणबाट सर्लाही आसपासमा १५ सयभन्दा बढी पीडित रहेको बताइएको छ । यता पक्राउ परेका यादवमाथी आवश्यक अनुसन्धान सुरु गरिएको सर्लाही प्रहरीले जनाएको छ ।

## *दुई फरार ...*

पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ९ बस्ने ३८ वर्षिय बलराम मेहता र सोही स्थान बस्ने ५९ वर्षिय मुनर यादव रहेका छन् । मेहता शिक्षा सम्बन्धी मुद्दामा र यादव कुटपिट मुद्दामा फरार थिए ।

यता पक्राउ परेकाहरुलाई बुधबार जिल्ला अदालतमा उपस्थिति गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · PRABHU Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*